# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

कर्णाली प्रदेश,नेपाल

पत्रसंख्याः- २०८०/०८१ मितिः २०८०/१२/२८

च.न. ४६९२

**विषयः शैक्षिक सत्र २०८१ को विद्‌यार्थी भर्ना, पठनपाठन र विद्‌यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।.**

श्री वीरेन्द्रनगर नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण संस्थागत विद्‌यालयहरु ।

उपर्युक्त सम्बन्धमा हामी शैक्षिक सत्र २०८१ को पूर्व सन्ध्यामा छौं । शैक्षिक सत्र २०८१ मा सबै विद्‌यालयहरुले विद्‌यार्थी मूल्यांकन गर्ने कार्य सम्पन्न गरी नतिजा विश्लेषण तथा अभिभावकहरुसंगको अन्तरक्रिया समेत सम्पन्न गरिसकेको हुनुपर्दछ । यसै सन्दर्भमा नयाँ शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना कार्यक्रम लगायतका तसीलका कार्यहरु गर्न गराउन यसै सूचना मार्फत सम्पूर्ण विद्‌यालयहरुलाई जानकारी गराइन्छ ।

१२/२८

उप-सचिव

तपसील

१) 'सबै बालबालिकाको विद्‌यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने आदर्श वाक्यका साथ सबै विद्‌यालयहरुले आफ्नो सेवा क्षेत्रमा विद्‌यार्थी भर्ना अभियान तथा विद्‌यालय स्वागत कार्यक्रम सञ्चालन गरी विद्‌यालय उमेर समूहका सबै बालबालिकालाई विद्‌यालयमा भर्ना गर्ने ।

२) भर्ना कार्यक्रम सञ्चालन गर्दा कुनै जनप्रतिनिधि, राजनीतिक दल, शिक्षाप्रेमी, समाजसेवी तथा नागरिक अगुवाहरुले कुनै बालबालिकाको संरक्षकत्व वा अभिभावकत्व लिन चाहेमा उक्त जिम्मेवारी पूरा गर्नका लागि आवश्यक सहजीकरण गर्ने र सो कार्यको जानकारी नगरपालिकालाई दिने । शिक्षा नियमावली अनुसार कुनै एउटा कक्षामा शुल्क लिई भर्ना गरिसकेपछि अर्को कक्षाहरुमा पुनः भर्ना शुल्क नलिने ।

३) २०८१ जेष्ठ ७ गतेभित्र सबै विद्‌यालयहरुले आ आफ्नो विद्‌यालयको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई अनिवार्य रुपमा अद्‌यावधिक गर्ने । विद्‌यार्थी भर्ना गर्दा IEMIS मार्फत जारी गरिएको ग्रेड सिटलाई मात्र वैधानिकता दिने ।

४) विद्‌यालयको बार्षिक कार्यपात्रो लगायतका शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा जोड दिने ।

५) सबै विद्‌यालयहरुले नियमानुसार समयावधि सकिएको भए २०८१ बैशाख मसान्तसम्म आआफ्नो विद्‌यालयमा विद्‌यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति नियमानुसार पुनर्गठन गरी नगरपालिकालाई जानकारी दिने ।

६) सबै विद्‌यालयहरुले (मन्टेश्वरीले समेत) आआफ्नो विद्‌यालयले शैक्षिक सत्र २०८१ मा विद्‌यार्थीबाट लिइने सबै प्रकारका शुल्क तथा गरिब, असहाय, अनाथ, विपन्न तथा जेहेन्दार

Scanned with CamScanner

# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्रसंख्याः- २०८०/०८१ मिति: २०८०/१२/२८

च.न.

विद्यार्थीलाई नियम अनुसार प्रदान गरिने छात्रवृतिको संख्यात्मक तथा नामनामेशी विवरण २०८१ वैशाख मसान्तभित्र नगरपालिकामा अनिवार्य रुपमा पेश गर्ने ।

७) कुनै पनि संस्थागत विद्यालयहरुले अनुमति निलिई कुनै पनि कक्षा सञ्चालन नगर्ने नगराउने । अनुमति लिएका कक्षाहरु अनिवार्य रुपमा सञ्चालन गर्ने गराउने ।

८) सबै विद्यालयहरुले विद्यार्थीलाई विद्यालयबाट पोशाक तथा पुस्तक एवम् अन्य सामग्रीहरु खरिद गर्न बाध्य नपार्ने ।

९) विद्यालय हाता र कक्षाकोठा सरसफाइ तथा व्यवस्थापन गर्ने कार्यलाई बालमैत्री, सिकाइमैत्री र प्रविधिमैत्री बनाउने कार्यमा जोड दिने ।

१०) विद्यालयमा कार्यरत शिक्षकहरुलाई अध्ययन अध्यापनका अलावा अन्य विभागीय जिम्मेवारी बाँडफाँड गरी विद्यालयमा अतिरिक्त क्रियाकलाप, स्काउट, रेडक्रस, खेलकूद आदि पक्षलाई समेत सञ्चालन तथा परिचालन गर्ने कार्यमा जोड दिने ।

११) प्रारम्भिक बाल विकास शिक्षा (Pre-primary) देखि कक्षा १२ सम्म परिमार्जन गरिएको राष्ट्रिय पाठ्यक्रम र वीरेन्द्रनगर नगरपालिकाले विकास गरेको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (हामी र हाम्रो वीरेन्द्रनगर) र पाठ्यसामग्रीको अनिवार्य रुपमा प्रयोग गर्ने गराउने ।

१२) परिमार्जित पाठ्यक्रमअनुसार विद्यार्थी मूल्यांकन गरी उक्त अभिलेख पाठ्यक्रम बमोजिम अद्यावधिक गर्ने कार्यलाई शैक्षिक सत्रको शुरुबाट नै पूर्णरुपमा लागू गर्ने गराउने ।

१३) माध्यमिक विद्यालयहरुमा स्थापना गरिएका विज्ञान प्रयोगशाला, प्रविधिसम्बन्धी प्रयोगशाला र पुस्तकालयको अधिकतम् रुपमा सिकाइमा प्रयोग गर्ने गराउने कार्यमा जोड दिने ।

१४) कोभिड १९ ले गर्दा विद्यार्थीको सिकाइमा भएको क्षतिलाई आपूरण गर्नका लागि विद्यालय सिकाइको क्षति पहिचान र सहायता कक्षा सञ्चालन गर्ने ।

१५) सबै विद्यालयहरुले स्कूल बस ९ बजेभन्दा पछि मात्र सञ्चालन गरी विद्यार्थीहरुलाई विद्यालयसम्म सुरक्षित तरिकाले ल्याउने र घरसम्म पुर्याउने विषयमा संवेदनशील हुने ।

१६) विद्यालयमा स्वास्थ्य तथा सरसफाइ, सेनेटरी प्याडसहितको छात्रा शौचालयको व्यवस्थापन, शुद्ध पिउने पानी, जंक फुड निषेध लगायतका कार्यलाई प्रभावकारी रुपमा लागू गर्ने गराउने ।

१७) मन्टेश्वरी कक्षा सञ्चालन भएका विद्यालयहरुले कक्षाकोठामा आराम गर्ने, सुत्ने, मनोरञ्जन गर्ने, खाजा खाने, विधागत सिकाइ ग्रहण गर्ने, इनडोर तथा आउटडोर खेल सञ्चालन गर्ने लगायतका कार्यहरु सहजै रुपमा सञ्चालन हुने गरी कक्षाकोठा व्यवस्थापन गर्ने गराउने ।

१७) विद्यालयमा बालमैत्री र सिकाइमैत्री बसाइँ व्यवस्थापन लगायत उपयुक्त सिकाइ वातावरण तयार गर्नका लागि अन्य आवश्यक कार्य गर्ने गराउने ।

उप-सचिव

Scanned with CamScanner